**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST: 18:40 hrs. Date: 03.12.2025

## सिक्किमको राजभवन अब 'लोकभवन' नामेल चिनिनेः राज्यपालद्वारा आधिकारिक घोषणा

भारत सरकारको गृह मन्त्रालयको निर्देशानुसार सिक्किमको राजभवनको नाम परिवर्तन गरी लोकभवन राखिएको छ। राज्यपाल ओम प्रकाश माथुरले आज ३ दिसम्बररका दिन आधिकारिक रूपमा 'राजभवन सिक्किम' लाई 'लोकभवन सिक्किम' मा नामकरण गरेको घोषणा गर्नुभएकोछ। यो परिवर्तन राष्ट्व्यापी अभियान अन्तर्गत गरिएको हो, जसको उद्देश्य शासन प्रणालीलाई जनतासँग अज नजिक ल्याउनु रहेको छ।

यसका साथै, अब सबै सरकारी तथा आधिकारिक प्रयोजनका लागि राजभवन सिक्किम लाई 'लोकभवन सिक्किम' भनिनेछ। राज्यपालले यस पहलको स्वागत गर्दै, लोकभवन नामेले यो संस्था अझ जनअनुकूल, पहुँचयोग्य र सहभागी बन्नेछ, जसले लोकतान्त्रिक मूल्य र जनसंपर्कलाई थप सबल बनाउनेछ, भनी आशा व्यक्त गर्नुभयो।

## सिक्किमका सांसदले केन्द्रीय राज्यमन्त्री रामनाथ ठाकुरलाई भेटे

सिक्किमिका सांसद इन्द्र हाङ सुब्बाले कृषि तथा किसान कल्याण मन्त्रालयका केन्द्रीय राज्यमन्त्री रामनाथ ठाकुरलाई आज उनको कार्यालयमा भेटे।

उनीहरूले विशेष गरी हिमाली क्षेत्रमा किसान कल्याणलाई अझ सुदृढ पार्न जारी कृषि पहल र अवसरहरूको बारेमा छलफल गरे। श्री सुब्बाले कृषि समुदायलाई सशक्त बनाउन र दिगो कृषिलाई प्रवर्द्धन गर्न निरन्तर सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे।

## सिक्किमिले आज अन्तर्राष्टिय दिब्यांगजन दिवस मनाउँदै

आज अन्तर्राष्ट्रिय दिव्यांगजन दिवस मनाउँदै, राष्ट्रिय गतिशील दिव्यांगजन संस्थान (NILD) कोलकाता र प्रधानमन्त्री दिव्याशा केन्द्र (PMDK) अन्तर्गत समेकित क्षेत्रीय सीप विकास, पुनर्वास एवं दिव्यांगजन सशक्तिकरण केन्द्र, CRC सिक्किमले पाकिम जिल्लाको नाम्चेबोङ ग्राम पञ्चायत एकाइमा आवश्यकतामा आधारित सहायक उपकरणहरूको मूल्याङकन तथा वितरणको आयोजना गर्यो। वितरण शिविरबाट कुल ६१ लाभार्थीहरू लाभान्वित भए। भारतीय कृत्रिम अंग निर्माण निगम कानपुरबाट आवश्यकतामा आधारित सहायक उपकरणहरू खरिद गरिएको थियो।

सिक्किम CRC की निर्देशक पुष्पाञ्जली गुप्ताले सिक्किम राज्यमा यस्ता शिविरहरू आयोजना गर्न प्लेटफर्म प्रदान गरेकोमा NILD का निर्देशक डा. ललित नारायणलाई धन्यवाद दिइन् जहाँ दिव्यांगजन र वरिष्ठ नागिरकहरूले सबैभन्दा बढी लाभ उठाउँछन्। यसका साथै, बाल तथा महिला, वरिष्ठ नागरिक तथा दिव्यांगजन कल्याण विभागले गान्तोकको एमजी मार्गमा अन्तर्राष्ट्रिय दिव्यांगजन दिवस मनायो। यस विभागका मन्त्री सम्दुप लेप्चाले, समारोहमा प्रमुख अतिथिको रूपमा उपस्थिति जनाउनभयो।

## सिक्किम राज्यमा कम्पनी ऐन २०१३ लागू हुँदैन

सिक्किम राज्यमा कम्पनी ऐन २०१३ लागू हुँदैन। केन्द्रीय राज्यमन्त्री हर्ष मल्होत्राले हिजो संसदमा कर्पोरेट मामिला मन्त्रालयका लागि लिखित जवाफमा यस्तो भन्नुभयो।

श्री मल्होत्रा, सिक्किमका राज्यसभा सांसद डीटी लेप्चाले पेश गरेको प्रश्नको जवाफ दिनु हुँदै थियो। श्री लेप्चाले सिक्किममा कम्पनीहरूको पंजीकरण र अन्य मुद्दाहरूमा रिपोर्ट गरिएका कठिनाइहरूको बारेमा केन्द्र सरकारले ध्यान दिएको छ कि छैन भनेर सोधेका थिए।

मन्त्रालयले सरोकारवालाहरू, विशेष गरी स्टार्टअपहरू, एमएसएमईहरू र सहकारी संस्थाहरूलाई सहयोग गर्ने योजना बनाएको छ कि छैन भन्ने प्रश्न पनि उनले गरेका थिए।

## उत्तरी सिक्किम जाने नागा- टुङ मार्ग २० डिसेम्बर पछि पुनः खुल्ने

मङगनबाट नागा र टुङ हुँदै चुङथाङ जाने प्रमुख सड़क संपर्क, २० डिसेम्बर देखि सबै प्रकारका सवारी साधनहरूको लागि पुनः खुल्ने तयारीमा छ, जसले उत्तरी सिक्किम सीमा क्षेत्रमा तैनाथ बासिन्दाहरू र रक्षा कर्मचारीहरूलाई ठूलो राहत प्रदान गर्नेछ। अक्टोबर २०२३ मा आएको ठूलो हिमनदीयुक्त ताल फुट्ने बाढी पछि यो मार्ग लगभग दुई वर्षदेखि बन्द छ, बाढिले नागा- टुङ खण्डलाई पूर्ण रूपमा बगाएखो थियो।

सीमा सड़क संगठनले पूर्ण रूपमा नयाँ ८ किलोमिटर लामो नागा- टुङ सड़क निर्माण गरिरहेको छ। जुन फेब्रुअरी २०२४ मा शुरू भएको थियो, र २० डिसेम्बर पछि चाँड़ै सड़क खोल्ने लक्ष्य साथ पूरा हुने क्रममा रहको, निर्माण स्थलका अधिकारीहरूले पुष्टि गरेका छन्।

## डीसी सोरेङले सीएनओको आगामी भ्रमणको लागि बैठकको अध्यक्षता गरे।

जिल्लापाल सोरेङ, धीरज सुबेदीले जल शक्ति अभियानको लागि केन्द्रीय नोडल अधिकारी ( सीएनओ) को आगामी भ्रमणलाई ध्यानमा राख्दै आज डीसी चेम्बरमा तयारी बैठकको अध्यक्षता गरे।

केन्द्रीय नोडल अधिकारी, भारत सरकारको सीप विकास तथा उद्यमशीलता मन्त्रालयका उपसचिव हिमांशु गुनावतले १० देखि १२ डिसेम्बर सम्म सोरेङ जिल्लाको भ्रमण गर्ने कार्यक्रम छ।